# सामुदायिक वन र बहुआयामिक सामाजिक विकास : पूर्वी नेपालको एक अनुभव

✍नीरज चापागाई र मणिराम बञ्जाडे

## परिचय

सामुदायिक वन (सा.व.) नेपालमा वनको हैसियतमा उल्लेखनीय परिवर्तन ल्याएको एक सफल कार्यक्रमको रूपमा प्रख्यात छ । यो कार्यक्रम स्थानीय तहमा सामुदायिक विकासका लागि पनि सफल मानिएको छ (Pokharel 2005; Kanel 2004) । वास्तवमा सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.)हरूले प्रभावकारी तवरले स्थानीय माग र परिस्थिति अनुकूल सामाजिक विकासका क्षेत्रमा उल्लेखनीय लगानी गरेका छन् । तर पनि राष्ट्रिय नीतिगत तहमा यसको योगदानको यथेष्ट मूल्याङ्कन हुन भने सकेको छैन । यसैगरी स्थानीय विकासका लागि कार्यक्रम सञ्चालन गर्ने ग्रामीण भेगका संस्थाहरूमा समेत सा.व.उ.स.को बृहत्तर संभावना तथा अवसरहरूलाई आङ्कलन र उपयोग गर्ने सोंच र तत्परता देखिदैन । धेरै जसो संघसंस्थाहरू चाहे ती स्थानीय निकाय हुन् वा अन्य सरकारी र गैरसरकारी संस्था हुन् उनीहरूले सा.व.उ.स.लाई केवल वनको साँघुरो घेराभित्र मात्र सिमित राखेको पाइन्छ ।

सा.व.उ.स.को वार्षिक योजना, आम्दानी तथा लगानी, सहभागिता र सहकार्य आदिका तथ्याङ्क विश्लेषणबाट यसलाई समग्र ग्रामीण विकास तथा दिगो जीविकोपार्जनका लागि एउटा प्रभावकारी तथा भरपर्दो माध्यमको रूपमा चित्रण गर्न सकेमा नीतिगत तहमा रहेको अन्योलता र अष्पष्टतालाई हटाउनसमेत सहयोग पुग्नेछ । यस लेखमा सा.व.उ.स.हरूको बृहत् सम्भावनालाई पुष्टि गर्न उनीहरूले सञ्चालन गर्दै आएका वन व्यवस्थापन लगायतका समग्र विकास निर्माणका गतिविधिहरू जस्तैः विद्यालय निर्माण, शिक्षक तलब, बाटो निर्माण, खानेपानी आपूर्ति, सिंचाई सुविधा र अन्य संघसंस्थाहरूसँगको सहकार्यलाई विश्लेषण गरी उनीहरूले ग्रामीण विकासमा खेलेको भूमिका र उपलब्धीलाई उजागर गर्ने प्रयास गरिएको छ । लेखमा विशेष गरी जीविकोपार्जनको लागि वन कार्यक्रम (एल.एफ.पी.) लागू भएका कोशी पहाडी क्षेत्रका ४ जिल्लाहरू धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभाका सा.व.उ.स.का सूचना, तथ्याङ्क तथा उदाहरणहरू प्रयोग गरिएका छन् । यसका लागि करीब १,१०० सा.व.उ.स.हरूको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, योजना तर्जुमा, एल.एफ.पी. वार्षिक प्रतिवेदन, सा.व.उ.स.को वर्गीकरण प्रतिवेदनहरूलाई आधार बनाइएको छ । लेखकहरू स्वयंले सा.व.उ.स.हरूसँग विभिन्न क्षेत्रमा १२ वर्ष भन्दा बढी काम गर्दाको अनुभवबाट देखिएका कुराहरू पनि यस लेखमा प्रतिविम्बित भएका छन् ।

## पृष्ठभूमि

विश्व बैंकले नेपाललाई एकदमै कम विकसित राष्ट्रको सूचीमा उल्लेख गरेको छ । विश्व बैंकको गरीबी रेखाको तह १ अमेरिकी डलरप्रति दिनको आधारमा विश्लेषण गर्दा नेपालको गरीबी ३१ प्रतिशत रहेको र २ अमेरीकी डलरको हिसाबले हेर्दा ८२ प्रतिशत रहेको छ । यसमध्ये अधिकांश गरीबहरू ग्रामीण भेगमा बसोबास गरेका र उनीहरूको अवस्था विकराल रहेको छ । विकान्सोमुख देशहरूमा अति गरीबहरू वनको नजिकै बसोबास गर्छन् र वनमा निर्भर छन् । प्रायः जसो ग्रामीण भेगमा बसोबास गर्ने अधिकांश समुदायहरू आफ्नो जीविकोपार्जनका लागि परम्परागत कृषि तथा पशुपालनमा निर्भर छन् । वनले ग्रामीण भेगमा बसोबास गर्ने समुदायहरूको आधारभूत आवश्यकता

पूरा गर्नुका साथै आम्दानी बढाउन कृषि औजार र अन्य वस्तुहरूको निर्माण र पशु आहार परिपूर्तिमा मुख्य भूमिका निर्वाह गर्छ। कृषिबाट हुने आर्थिक उपलब्धीका लागि नेपालले हाल उपलब्ध वन स्रोतको सही व्यवस्थापन र सदुपयोगबाट गरीबी न्यूनीकरणको लक्षमा प्रभावकारी उपलब्धी हासिल गर्नसक्छ। त्यसैले वनस्रोतको दिगोपना र दिगो विकास उन्मुख अभ्यासहरू सामाजिक तथा आर्थिक विकासका मेरुदण्ड हुन्।

नेपालको ग्रामीण भेगमा बसोबास गर्ने अधिकांश समुदायहरू आफ्नो जिविकोपार्जनका लागि वनसँग निर्भर रहेका छन्। ग्रामीण भेगका लागि पायक पर्ने वनले स्थानीय विकासका लागि धेरै सम्भावनाहरू बोकेका हुनाले ती वनहरू नै स्थानीय जनताका प्रमुख स्रोत हुन् (केसी तथा खत्री २००५)। पछिल्ला केही दशकदेखि सा.व. कार्यक्रमले समुदायका सदस्यहरूलाई संगठित गर्दै सामूहिक अभियान सञ्चालन गर्न मद्दत गर्नुका साथै वन स्रोतको व्यवस्थापन र उपयोगबाट आम्दानीमा बृद्धि गरी समग्र सामुदायिक विकासमा योगदान पुऱ्याउँदै आएको छ। सा.व. कार्यक्रमले रोजगारीका अवसरहरू सृजना गर्नुका साथै गरीबी न्यूनीकरणका कार्यक्रमहरू पनि अघि बढाउन थालेको छ। फलस्वरूप नेपालको सा.व. कार्यक्रम वनको हैसियतमा सुधार ल्याउनका साथै ग्रामीण जिविकोपार्जनका लागि समेत सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्न सफल भएको छ (Agrawal and Ostram 2001; Chakraworti 2001; Webb and Gautam 2001; Koirala *et al.* 2008)।

स्थानीयस्तरबाटै पहल गरी कार्यान्वयन गरिएको सा.व. विकास कार्यक्रम दिगो तथा फराकिलो आर्थिक बृद्धिदरका लागि महत्वपूर्ण र गरीबहरूको प्रत्यक्ष संलग्नता भएको क्षेत्रको रूपमा लिनुपर्ने कुरा यसको सफलताले प्रमाणित गरेको छ। हाल आएर सा.व. दैनिक आधारभूत आवश्यकताको परिपूर्ति वा वातावरणीय सुधारका लागि मात्र नभई गरीबहरूको बैंक र समग्र विकासको वाहनको रूपमा पनि परिभाषित भएको छ। Pokharel 2005 को परिभाषामा सा.व.उ.स.हरूले वन तथा भूसंरक्षण मन्त्रालयका लक्षित कार्यक्रमहरू सहित कुल १६ वटा मन्त्रालयसँग सम्बन्धित कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गरिरहेका छन्। यो कार्यक्रम सामाजिक तथा आर्थिक विकासका लागि शिक्षा हासिल गर्ने एक स्थानीय विश्वविद्यालयको रूपमा अगाडि आएको छ। यसले अवलम्बन गरेका लक्षित कार्यक्रमहरू महिला तथा उपेक्षित समुदायको सशक्तीकरण, समावेशीकरणका अवधारणाहरू र प्रजातन्तिक अभ्यासहरू, फाइदाको न्यायोचित बाँडफाँड, स्थानीय प्रतिनिधिहरूको अभावमा गाउँमा निर्वाह गरेको समन्वयकारी र विकास निर्माणमा नेतृत्वदायी भूमिका, द्वन्द अवधि र पछि शान्ति प्रकृयामा खेलेको भूमिका, आदि सम्बन्धी सफल अभ्यासहरूलाई अन्य क्षेत्रले अवलम्बन गर्ने अवसरहरू पनि रहेका छन्। समावेशी योजना तर्जुमा तथा कार्यान्वयन र समग्र विकासका लागि सा.व.उ.स. एक प्रभावकारी, स्रोत सम्पन्न, वैधानिकता प्राप्त, स्थायी र स्वतन्त्र स्थानीय निकायको रूपमा स्थापित भइसकेको अवस्थामा यसलाई वन व्यवस्थापन तथा सदुपयोगका हिसाबले मात्र हेरिनु न्यायोचित देखिँदैन।

सा.व.को विगतका अभ्यास तथा हासिल उपलब्धीहरूबाट अहिले सामाजिक समावेशीकरण, न्यायोचितता र लक्षित कार्यक्रमका सवालहरूलाई विकासको मूलप्रभावमा समावेश गर्ने गरेको पाइएको छ। उदाहरणको लागि सा.व. मार्गदर्शन (दोस्रो परिमार्जन २०००) ले सम्पन्नता स्तरीकरणलाई सा.व. गठनका लागि अनिवार्य गराएको छ। सा.व. कार्यक्रममा सम्पन्नता स्तरीकरणको अभ्यास लक्षित कार्यक्रम कार्यान्वयनको पहिलो खुड्किलो हो जसले स्थानीय स्रोतको पहिचान र अवसरहरूको सिर्जना गर्नका लागि महत्वपूर्ण भूमिका खेलेको छ। सहभागितामूलक सम्पन्नता स्तरीकरणको अभ्यासमा आर्थिक सम्पन्नतालाई मात्र प्रमुख आधार नबनाई समग्र मानवीय, सामाजिक, आर्थिक, भौतिक र प्राकृतिक सम्पत्तिहरूलाई समेत विचार गरिन्छ। सम्पन्नता

स्तरीकरणका लागि आवश्यक आधारहरू समूह आफैंले निर्धारण गर्छन् भने प्रत्येक घरधुरीका सूचनाहरू पुनरावलोकन गरी समय समयमा यसको लेखाजोखा गर्ने गरिएको छ । सा.व.उ.स.भित्र अभ्यास हुने सम्पन्नता स्तरीकरण निरपेक्ष गरीबी नभई सापेक्ष गरिबीलाई आधार बनाइएको हुँदा यसलाई विश्व बैंकले तयार गरेको गरीबीको रेखासँग तुलना गर्न सकिंदैन ।

सा.व.उ.स.हरू वन विकास तथा अन्य विकास र लक्षित कार्यक्रमहरूका लागि अन्य सरकारी, गैरसरकारी र दातृ निकायहरूबाट विविध स्रोतहरू जुटाइ साझेदारी कार्यक्रमहरू कार्यान्वयनका लागि सक्षम रहेका छन् भने ग्रामीण भेगमा कार्यरत केही विकासे संस्थाहरू सा.व.उ.स.लाई एक प्रवेश विन्दुको रूपमा लिई कार्यमा प्रभावकारीता ल्याइरहेका छन् । सहस्राब्दी विकासका आठवटा मध्ये दुई वटा लक्ष्यहरू गरीवी न्यूनीकरण र वातावरणको दिगोपना सा.व. विकाससँग प्रत्यक्ष सरोकार राख्दछन् । सा.व.बाट वन स्रोत व्यवस्थापनका योगदानका अलावा सामुदायिक विकास र जीविकोपार्जनका क्षेत्रहरूमा हासिल उल्लेखनीय उपलब्धीहरूलाई यथेष्ठ मूल्याङ्कन नगरिएकोले उपयुक्त र पर्याप्त अवसरहरू हुँदाहुँदै पनि अन्य निकायहरूले यस तर्फ विचार नपुर्‍याएको पाइन्छ । स्थानीय तहमा सुदृढ संस्थालाई बेवास्ता गरिएको कारण ती निकायहरू आफ्ना गतिविधिहरू ग्रामीण समुदायहरूमा प्रभावकारी तवरले कार्यान्वयन गर्न असमर्थ छन् । स्थानीय तहमा समान उद्देश्य लिएका एक भन्दा बढी सरकारी तथा गैरसरकारी निकायहरू भएपनि उनीहरू बीच प्रभावकारी सहकार्य र समन्वय नहुनुले स्थानीय तहमा एउटै व्यक्ति विभिन्न उपसमुहमा आबद्ध भएका छन् भने, भइरहेका संयन्त्रलाई सुदृढिकरणको सट्टा नँया संयन्त्रहरूको प्रयोग गरिएका छन् र समान उद्देश्यमा आधारित कार्यक्रममा पनि दोहोरोपना भएको छ । फलस्वरूप हालसम्म गरिएका विकास कार्यले आशातीत उपलब्धी हासिल गर्न सकेका छैनन् ।

### सामुदायिक वनबाट प्राप्त उपलब्धीहरूः पूर्वी नेपालको एक अनुभव

कोशी पहाडी क्षेत्रमा रहेको सा.व.को अवस्था चित्र १ मा दिइएको छ । यस क्षेत्रको विद्यमान सा.व. विकास प्रक्रिया[1] लाई हेर्ने हो भने यस क्षेत्रमा गत आ.व. सम्ममा कूल १,३९६ समुहहरू गठन भएका छन् । जिल्लाका कूल

चित्र १ : कोशी पहाडी जिल्लामा सामदायिक वनको अवस्था




[1] नेपालका ७ पहाडी जिल्लाहरुमा सन् १९९३ देखि २००० लागु भएको नेपाल युके सामुदायिक वन परियोजनाबाट हासिल उपलब्धी, अनुभव र सिकाइमा आधारित रही नेपाल सरकार र बेलायती सरकारबीच द्विपक्षीय रुपमा सञ्चालन भएको यो जीविकोपार्जनका लागि वन कार्यक्रम (एल.एफ.पी.) । सन् २००१ देखि नेपालका १५ जिल्ला (कोशी पहाडी क्षेत्रका ४ जिल्लाहरु धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा सञ्चालन भइरहेको छ । यो कार्यक्रमले सा.व.हरुको संस्थागत विकास गर्दै जीविकोपार्जनमा सहयोग गरी जोखिमपूर्ण अवस्थालाई कम गर्ने उद्देश्य लिएको छ । नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरीबहरुको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्‍याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ । वन सम्पदाको दिगो तथा न्यायोचित उपयोग गर्ने कुरालाई बढावा दिँदै ग्रामीण समुदायको श्रोत र साधन अभिवृद्धि गर्ने प्रयास यस कार्यक्रमले गर्दै आएको छ । यस कार्यक्रमले लक्षित वर्गको समग्र विकास गर्नका लागि सा.व.उ.स.लाई प्रवेश विन्दु बनाई सामाजिक तथा आर्थिक सहयोग सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दै अएको छ ।

घरधुरीहरूको ८५ प्रतिशत घरधुरीहरूले कूल सम्भावित सा.व. क्षेत्रको ८२ प्रतिशत वन क्षेत्रको व्यवस्थापन र सदुपयोग गर्दै आइरहेका छन् । कूल सा.व.उ.स.हरूमा आबद्ध घरधुरीमध्ये ४९ प्रतिशत घरधुरीहरू सहभागितामुलक सम्पन्नता स्तरीकरणका आधारमा गरीब वा लक्षित वर्गमा छन् भने जातजातीको आधारमा जनजातीहरूको बाहुल्य (५८ प्रतिशत) रहेको छ । त्यस्तै दलितहरूको बसोबास ७ प्रतिशत रहेको छ । सन् २००६ मा गरिएको अध्ययनअनुसार स्रोत व्यवस्थापन, सुशासन तथा सामाजिक समावेशीकरण र जीविकोपार्जनका क्षेत्रहरूको सूचकका आधारमा २५, ४७ र २८ प्रतिशत सा.व.उ.स.हरू क्रमश: सक्रिय, मध्यम र कम सक्रिय अवस्थामा रहेका छन् । सन् २००८/०९ मा योजना तर्जुमाका लागि गरिएको अर्को अध्ययन तथा २००७/०८ मा गरिएको अनुगमनबाट यस क्षेत्रका सा.व.उ.स.हरू सहकार्य तथा साझेदारी कार्यक्रमको माध्यमबाट प्रभावकारी उपलब्धीहरू हाँसिल गर्न सक्ने सक्षम स्थानीय निकायको रूपमा देखिएका छन् र स्थानीयस्तरमा कार्यरत अन्य विकासे संस्थाहरूका लागि सहकार्य र साझेदारीका लागि पनि यिनीहरूले ठूलो सम्भावना र फराकिलो दायरा प्रदान गरेका छन् ।

## *सामुदायिक वन भित्र मौज्दात र वन पैदावार उत्पादन*

कोशी पहाडी क्षेत्रमा गठन भएका सा.व.उ.स.को अवस्थालाई चित्रण गर्दा सक्रिय वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको सदुपयोगसँगसँगै वनको उपज तथा वार्षिक कटानमा क्रमश: उल्लेखनीय बृद्धि भएको छ भने वन पैदावरबाट प्राप्त हुने आम्दानी पनि विगत समयको भन्दा बृद्धि भइरहेको पाइएको छ । सरकारद्वारा व्यवस्थित वनहरूको तुलनामा स्थानीय समुदायलाई वन व्यवस्थापनको जिम्मा सुम्पिदा वनको हैसितका साथै समुदायको क्षमतामा पनि क्रमश: सकारात्मक परिवर्तन देखिनुले नेपालका लागि सा.व. एउटा गौरव गर्ने सफल कार्यक्रम हो भन्ने प्रमाणित हुन्छ । पूर्वी पहाडका चार जिल्लाहरूमा गरिएको अध्ययनबाट सा.व. कार्यक्रम लागू भएपछि कूल रूखहरूको संख्या ५१ प्रतिशतले र आधार क्षेत्रफल (Basal Area) प्रति हेक्टर २९ प्रतिशतले बढेको पाइएको छ (Branney and Yadav 1998 ) ।

यस क्षेत्रको विद्यमान अवस्थालाई नियाल्दा कुल सा.व.हरू मध्ये ५१ प्रतिशत समुहहरूले कार्ययोजनाअनुसार सक्रिय वन व्यवस्थापन गर्ने गरेको पाइएको छ । साथै स्थानीय समुदायले व्यवस्थापनको जिम्मा लिएपछि कूल समुहहरू मध्ये ९३ प्रतिशत समुहहरूले पहिलेको भन्दा वनको हैसियतमा र वन पैदावरको उपलब्धतामा उल्लेखनीय बृद्धि भएको तथा हरियाली बढेको बताउँछन् (सा.व.उ.स. वर्गीकरण अध्ययन २००६, तालिका १) ।

**तालिका १: सामुदायिक वनहरूको हैसियत पुन: ७ वर्ष पछिको विश्लेषण (सन् २००१ र २००८ मा)**

| वनको हैसियत | सन २००१ | | सन २००८ | |
|---|---|---|---|---|
| | समूह संख्या | प्रतिशत | समूह संख्या | प्रतिशत |
| राम्रो | ६७९ | ६०% | ७६० | ६७% |
| मध्यम | ४०५ | ३६% | ३२६ | २९% |
| बिग्रिएको | ५१ | ४% | ४९ | ४% |
| कूल | ११३५ | १००% | ११३५ | १००% |

सा.व. व्यवस्थापन पछि वनको हैसियतमा आएको परिवर्तन उत्साहजनक भएकाले नै सा.व. विकास कार्यक्रमलाई राष्ट्रको एक गर्व गर्न लायक कार्यक्रमको रूपमा लिइन्छ । वनको हैसियतमा

सकारात्मक परिवर्तन आउनुका प्रमुख कारणहरूमा उपभोक्ताहरूको अपनत्व र चेतनामा उल्लेखनीय बृद्धि हुनु, प्राकृतिक पुनरूत्थानमा बढावा र विभिन्न प्रजातीहरूको वृक्षारोपण हुनु हो ।

सा.व.को विकासक्रमलाई हेर्ने हो भने यस क्षेत्रमा देखिएको उपलब्धी हेर्दा ६० प्रतिशत समुहहरूले कार्ययोजना अनुरूप खण्ड व्यवस्थापनका आधारमा वनको व्यवस्थापन गरिरहेका छन् भने यसका लागि करीब ४१,००० उपभोक्ताहरूले आ.व.२०६५/६६ मा श्रमदान गर्ने अनुमान गरिएको थियो जसमा कुल सहभागीहरूमध्ये २७ प्रतिशत महिला र ५५ प्रतिशत गरीबहरूको संलग्नता रहने अनुमान थियो । वनको व्यवस्थापन गरी बढी भन्दा बढी फाइदाका निम्ति उपयुक्त प्राविधिक पक्षलाई बढी जोड दिनु, वन व्यवस्थापनका क्षेत्रमा लगानी बढाउनु, वन व्यवस्थापन गर्ने जिम्मा समुदायकै हो भन्ने चेतनाको अभिवृद्धि गर्नु, वन कार्यालयको मानवीय र आर्थिक स्रोतमा मात्र भर नपर्नु, थौरै लगानीबाट धेरै फाइदा लिन औपचारिक खर्चालु तालिम भन्दा थौरै खर्च, बढी सहभागिता र बढी उपलब्धीमूलक कोचिङ्गका कार्यक्रमहरू सञ्चालन गर्नु जस्ता कार्यलाई बढावा दिइएको छ ।

नेपाल गैह्र काष्ठ वन पैदावार (गै.का.व.पै.)को हिसाबले धनी देश मानिन्छ । यसको उचित विस्तार तथा प्रवर्द्धन गर्न सके देशकै अर्थतन्त्रलाई सुधार गर्न सकिन्छ भन्ने धारणा आमरूपमा व्याप्त छ । सम्भावना र हाँसिल उपलब्धीको तुलना गर्दा राज्यको संयन्त्रको क्रियाशीलता निराशाजनक रहेका छ । फलस्वरूप यस्ता पैदावारको विकास गर्न त परै जाओस् धेरै यस्ता बहुमूल्य प्रजातीहरूको पहिचान नै हुन सकेको छैन । यस क्षेत्रको उपलब्धी र संभावनालाई केलाउने हो भने ६० प्रतिशत सा.व.हरू गै.का.व.पै.को विस्तारका लागि संभावित देखिएका छन् जसले स्थानीयस्तरदेखि राज्यको अर्थतन्त्र तथा विकासक्रममा टेवा पुयाउने संभावनाहरू बोकेका छन् । कूल संभावित सा.व.को २७ प्रतिशत सा.व.उ.स.हरू गै.का.व.पै. बिस्तार तथा प्रवर्द्धनमा लागिरहेका भए तापनि यसलाई प्राथमिकतामा राख्दै यस क्षेत्रमा २ वर्ष भित्र ३६ प्रतिशत सा.व.मा यसको उचित प्रवर्द्धन र विस्तारको लक्ष्य राखिएको छ । गत दशौं पञ्च वर्षीय योजनामा देशमा ५०० वटा वनमा आधारित उद्यमहरूको स्थापनाबाट गरीबी न्यूनीकरणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको भए तापनि यसको आशातीत उपलब्धी आउन सकेको छैन । संभावनाहरू प्रशस्त भए तापनि उपलब्धी हाँसिल गर्न नसक्नुमा राज्यले यस पक्षमा यथेष्ट ध्यान दिन नसक्नु नै हो । यस क्षेत्रको उपलब्धी र संभावनालाई केलाउने हो भने गत आ.व.सम्म कूल ६९ वटा विभिन्न साना तथा मझौला उद्यमहरू संचालित छन् जसमा १४२ वटा सा.व.हरू संलग्न रहेका छन् भने २,८३२ गरीब घरधुरीहरू आफ्नो दिगो जीविकोपार्जनका लागि पूर्ण तथा आंशिक रूपमा रोजगारीमा रहेका छन् ।

### *वन पैदावारको वितरणबाट समूहको आम्दानी*

वन सम्वर्द्धनका हिसाबले सा.व.उ.स.हरू सक्षम हुनाको साथै यसको उल्लेखनीय प्रभाव स्थानीय जनताको जीविकोपार्जनमा परेको देखिन्छ । वन सम्वर्द्धन सम्बन्धी लक्ष्य सा.व.बाट प्राप्त भएको र स्रोत व्यवस्थापनको जिम्मेवारी समुदायमा गएको छ (Kanel 2004) । राष्ट्रको कूल जनसंख्याको ३५ प्रतिशत घरधुरीहरूले कूल वनक्षेत्रको २५ प्रतिशत वन व्यवस्थापन गरिरहेका छन् । सा.व.उ.स.हरूको वार्षिक आम्दानी वन विभागको वार्षिक खर्चभन्दा पनि धेरै भएको पाइएको छ । सन् २००२ मा वन विभागको वार्षिक आम्दानी ५५ करोड रहेको भए तापनि सा.व.उ.स.हरूको आम्दानी ७४ करोड रहेको थियो । यो रकम वन तथा भू-संरक्षण मन्त्रालयको कूल बजेटको ४२ प्रतिशत हुन आउँछ (Kanel and Niraula 2004) ।

यस क्षेत्रमा गरिएको नियमित अनुगमनहरूबाट वनको हैसियतमा देखिएको सकारात्मक परिवर्तन सँगसँगै सा.व.उ.स.को वन स्रोतको बिक्री वितरणबाट हुने आम्दानी क्रमिक रूपमा बढिरहेको

देखिएको छ। यसबाट के अनुमान लगाउन सकिन्छ भने सा.व.बाट सिर्जित फाइदाहरू लिनका लागि समुदायहरूले वनको हैसियतलाई पनि विचार पुऱ्याएका छन्। वार्षिक रूपमा सा.व.उ.स.ले ४१.६ करोड आम्दानी वन पैदावारको बिक्रीबाट गर्दै आइरहेका छन् भने १.३ करोड रूपैंया वनमा आधारित विभिन्न आयमूलक कार्यक्रमका लागि ऋणका रूपमा लगानी गर्दै आएका छन् (Kanel and Niraula 2004)।

कोशी पहाडीक्षेत्रमा हालै गरिएको अनुगमनबाट सा.व.को आम्दानी र लगानीका क्षेत्रहरूको नतिजाले समग्र विकास, जीविकोपार्जन र वन व्यवस्थापनका क्षेत्रहरूमा उनीहरूको लगाव र योगदानलाई उत्साहप्रद भएको पुष्टि गर्दछ (तालिका २)।

**तालिका २: आर्थिक वर्ष २०६४/०६५को बार्षिक आम्दानी खर्च विवरण**

| कूल आय | ५,७९,२९,२०८ | १००% | जम्मा खर्च | ३,०६,३५,१४८ | १००% |
|---|---|---|---|---|---|
| अघिल्लो वर्षको अ.ल्या. | २,५८,२६,३३४ | ४५% | वन विकास | ४८,८३,८२२ | १६% |
| वन स्रोत | १,४३,७८,८५८ | २५% | लक्षित कार्यक्रम ( गरीब तथा विपन्नको लागि) | ८४,९८,५१५ | २८% |
| शुल्क, दण्ड जरिवाना, ब्याज आदि | ३७,६९,९२७ | ७% | संस्थागत विकास | ३०,३९,८०७ | १०% |
| बाह्य सहयोग – एल.एफ.पी. | ३३,०७,२९४ | ६% | सामुदायिक विकास | १,४२,१३,००५ | ४६% |
| बाह्य सहयोग – अन्य | १,०६,४६,७९६ | १८% | अर्को वर्षको हिसाब मिलान | २,७२,९४,०६१ | ४७% |

यस कोशी पहाडी क्षेत्रमा आ.व. २०६४/०६५ को अन्त्यमा १,०६३ समूहहरूमा गरेको अनुगमन अध्ययनबाट प्राप्त तथ्याङ्कअनुसार प्रति समुह वार्षिक औषत आम्दानी रु ५४,५९६ रहेको छ।

## *सामुदायिक विकासमा केन्द्रित सामुदायिक वनहरू*

सा.व.उ.स.हरूबाट कार्यान्वयन हुँदै आएका अधिकांश सामुदायिक विकासका गतिविधिहरू प्रत्यक्षरूपमा सहस्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि सहयोगी देखिन्छन्। उदाहरणका लागि पूर्वी नेपालका सा.व.उ.स.हरू दश वर्षको अन्तरालमा दिगो वन व्यवस्थापनबाट प्राप्त ३,२७,००० अमेरिकी डलर रकम विद्यालय शिक्षा, अनौपचारिक शिक्षा (गरीब तथा महिला केन्द्रित), गरीबहरूका लागि छात्रवृत्तिहरूमा लगानी गर्न सक्षम देखिन्छन् (Thies and von Pfeil, cited in Mayers 2007)। यो लगानीले प्रत्यक्ष फाइदा पुऱ्याएका क्षेत्रहरू: आधारभूत प्राथमिक शिक्षा, लैङ्गिक सचेतना विस्तार तथा महिला सशक्तीकरण सहस्राब्दी विकासका दोश्रो तथा तेश्रो लक्ष्यहरू हुन्।

पूर्वी नेपालका पहाडीक्षेत्रमा गरिएको अध्ययनले सा.व.उ.स.को आम्दानीको ठूलो हिस्सा सामुदायिक विकास र गरिबमुखी कार्यमा खर्च गरिएको तथ्य ऊजागर गर्दछ। नेपालका विभिन्न ठाउँमा भएका अध्ययनहरूले सा.व. मार्फत् सामाजिक आर्थिक परिवर्तनमा सकारात्मक योगदान पुऱ्याएको देखाएका छन् (Schereier *et al.* 1994; Virgo and Subba 1994)। केही सा.व.उ.स.हरूले बाटो, स्कुल, सिंचाई, स्वास्थ्य आदि क्षेत्रमा लगानी गरेका कारण जीविकोपार्जनका क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सकारात्मक प्रभाव देखिएको छ। सा.व. विकासले कृषि उत्पादनको क्षेत्रमा सहयोगी भूमिका खेल्नुका साथै आयआर्जनमा वृद्धि र जैविक विविधतामा सकारात्मक परिवर्तन जस्ता उल्लेखनीय

उपलब्धी हाँसिल गरेको छ । त्यसैले सा.व.ले सामाजिक आर्थिक रूपान्तरणका लागि ठुलो संभावना बोकेको छ (Branney and Yadav 1998; Malla 2000; Pokharel 2005)।

कोशी पहाडी क्षेत्रमा १,१०० समूहहरूमा गरिएको अध्ययनले सा.व.ले गरिराखेको समग्र विकासको योगदानलाई प्रष्ट रूपमा चित्रण गर्दछ (बक्स १) ।

**बक्स १: कोशी पहाडी क्षेत्रमा सा.व.उ.स.हरूले गत आर्थिक वर्ष २०६५/६६ मा सञ्चालन गर्न योजना गरेका क्रियाकलापहरू**

- अध्ययनमा परेका कुल समूहहरू मध्ये ३० प्रतिशत समूहहरूले २,३३४ हेक्टर क्षेत्रमा खण्ड व्यवस्थापन अनुसार वन सम्बर्द्धन कार्य गर्ने र ११ प्रतिशत समूहरूले ३११ हेक्टर खाली क्षेत्रमा वृक्षारोपण गर्ने ।
- कुल ८,०२९ गरीब धरधुरीहरूलाई ४२६ समूहहरूले आयआर्जनका लागि आर्थिक लगानी घुम्तिकोषको रूपमा प्रदान गर्ने ।
- लक्षित कार्यक्रम अन्तर्गत ६७ समुहहरूले २३९ हेक्टर सा.व. भित्रको खाली जग्गा ७६७ गरीब घरधुरीहरूलाई आयमुलक खेतीका लागि कबुलियतीको रूपमा प्रदान गर्ने ।
- जग्गा विकास र घुम्तीकोषका अलावा २६ सा.व.उ.स.हरूले ३१९ गरीब घरधुरीहरूलाई अन्य आयमूलक कार्यक्रमको अवसर प्रदान गर्ने ।
- २३ सा.व.उ.स.हरूले प्रत्यक्ष रूपमा १७७ गरीब घरधुरी लाभान्वित हुने गरी स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- २६ सा.व.उ.स. हरूले १७७ घरधुरीहरूका लागि (८२% गरीबहरू) सुधारिएको चुल्हो निर्माण गर्ने ।
- गरीबहरूको दिगो जीविकोपार्जनमा सुधारमा ल्याउन कुल १३० वटा क्षमता विकासका तालिमहरू सञ्चालन हुने जसबाट १,०११ गरीबहरूले रोजगारीको अवसर पाउने ।
- १६७ सा.व.उ.स.हरूले विभिन्न खानेपानी निर्माणको कार्यक्रमहरू सञ्चालन गर्ने जसबाट १२,४८० उपभोक्ताहरू लाभान्वित हुने । कुल लाभान्वित जनसंख्यामा ६७ प्रतिशत गरीबहरूले प्रत्यक्ष फाइदा पाउने ।
- ४१ सा.व.उ.स.हरूले करीब २२ कि.मि. सिंचाई कुलोको निर्माण तथा मर्मत गरी ७,२१७ घरधुरीहरू लाभान्वित हुने जसमा ६५ प्रतिशत गरीबहरूले फाइदा पाउने ।
- २९७ सा.व.उ.स.हरूले करीब १३७ कि.मि. गोरेटो बाटोको मर्मत तथा निर्माण गरी ग्रामीण भेगमा उत्पादन भएका स्थानीय उत्पादनहरूलाई अन्य बजारमा बिक्रीका लागि सहज बनउने ।
- ६७ समुहरूले स्थानीय विद्यालयका शिक्षकहरूलाई पारिश्रमिक उपलब्ध गराउने ।
- १० वटा सा.व.उ.स.हरूले ग्रामिण भेगमा कार्यान्वयन गर्ने विद्युतीकरणबाट कुल ९०७ घरधुरीहरू (५२% गरीब) प्रत्यक्ष लाभान्वित हुने ।
- ५ सा.व.उ.स.हरूले १५ वटा काठे पुलको निर्माण गर्ने ।
- ३० सा.व.उ.स.हरूले आफ्नो संस्थागत अवस्था मजबुत बनाउन कार्यालय भवनको निर्माण गर्ने ।
- पर्यापर्यटनलाई विकास गर्न ५ वटा सा.व.उ.स.हरूले विभिन्न कार्यक्रमहरू जस्तै वनभोज स्थलको निर्माण गर्ने ।

यस क्षेत्रमा गरिएका स्थलगत अनुगमनहरूबाट वार्षिक रूपमा ६७ प्रतिशत उपभोक्ताहरूलाई सा.व.उ.स.ले कार्यान्वयन गरेका कार्यक्रमहरूमा समेटेको पाइएको छ । आर्थिक हैसियत सुधारअन्तर्गतको आयमूलक कार्यक्रमहरूबाट मात्रै वर्षेनी कूल गरीबहरू मध्ये १७ प्रतिशत घरधुरीहरू लाभान्वित हुने गरेका छन् । सा.व.उ.स. नेतृत्व विकासको लागि समेत एक महत्वपूर्ण माध्यम बनेको छ । स्थानीय राजनैतिक नेतृत्वमा समेत पहिले सा.व.उ.स.मा काम गरिसकेका व्यक्तिहरूको बाहुल्य छ ।

## सामुदायिक वन, समावेशीकरणको सवाल र गरीबी न्यूनीकरण

उल्लेखनीय रूपमा सा.व.उ.स.ले जनताका अन्य सरोकारका सेवाहरूमा पनि योगदान गरेका छन् । उदाहरणको रूपमा द्वन्दको समयमा (२०५२ देखि २०६२ सम्म) ग्रामीण भेग जनप्रतिनिधि विहीन र सरकारी सेवाहरू न्यून रहेका अवस्थामा थियो । त्यतिबेला सा.व.उ.स.हरूको भूमिका ती व्यक्ति तथा संस्थाहरूले दिने केही सुविधाहरू समेत दिने गरी स्थापित भएको थियो (Banjade and Timsina 2005) । कोशी पहाडीक्षेत्रको सन्दर्भमा यस क्षेत्रका कुल घरधुरीहरू मध्ये ८५ प्रतिशत भन्दा बढी घरधुरीहरू सा.व.उ.स.को सदस्यका रूपमा आबद्ध भइसकेका छन् भने यस कार्यक्रमको प्रत्यक्ष आर्थिक सहयोगबाट आ.व. २०६४/६५ सम्ममा करीब २०,००० गरीब घरधुरीहरू प्रत्यक्ष लाभान्वित भएका छन् । आयमूलक कार्यक्रममा समावेश गराउन दलित समुदायहरूलाई पहिलो प्राथमिकताको सूचीमा राखिने गरिएको छ किनकी कूल दलित घरधुरीहरू मध्ये ८० प्रतिशत दलितहरू निरपेक्ष गरीबीको रेखाभन्दा तल रहेका छन् । साथै आ.व. २०६४/६५ मा यस कार्यक्रमको प्रत्यक्ष आर्थिक सहयोगबाट ३,५०० उपभोक्ताहरू क्षमता विकास र करीब १४,००० घरधुरीहरू साना तथा भौतिक विकासका पूर्वाधारहरूबाट लाभान्वित भइसकेका छन् ।

कोशी पहाडी क्षेत्रका सा.व.उ.स.हरूले आ.व. २०६५/६६ मा कुल आबद्ध घरधुरीहरू मध्ये ३३ प्रतिशतभन्दा बढी घरधुरीहरूलाई प्रत्यक्ष रूपले सहयोग गर्ने लक्ष्य राखेका थिए भने कुल लाभान्वित घरधुरीहरू मध्ये ४१ प्रतिशत घरधुरीहरू वन विकासका गतिविधिबाट मात्रै, त्यसैगरी ७५, १२ र १० प्रतिशत घरधुरीहरू क्रमशः सामुदायिक विकास, क्षमता अभिबृद्धि र आयआर्जनका कार्यक्रम सम्बन्धी कार्यक्रमबाट लाभान्वित भएका छन् । प्राप्त नतिजाहरूबाट सा.व.उ.स.को प्राथमिकता क्रमशः उल्लेख्यरूपमा लक्षित कार्यक्रमहरूमा गइरहेको र सा.व.को एक वर्षको कार्यक्रमबाट कूल गरीब घरधुरीहरूको एक तिहाई भन्दा बढी लाभान्वित हुने देखिन्छ ।

गत आर्थिक वर्षमा यस क्षेत्रका सा.व.उ.स.हरूले करीब ४०,००० उपभोक्ताहरूलाई वन व्यवस्थापन तथा विकासका गतिविधिहरूमा सहभागी गराउने लक्ष्य राखेका थिए भने त्यसमा २७ प्रतिशत महिला र ५५ प्रतिशत गरीब उपभोक्ताहरूलाई अवसर प्रदान गरिने योजना थियो । त्यसैगरी आर्थिक वर्ष २०६५/६६ मा यस क्षेत्रमा गठन भएका ८०% सा.व.उ.स.हरूले करीब १,५०,००० श्रम दिन रोजगारीको अवसर सिंजना गर्ने जसमध्ये करीब ७५ प्रतिशत गरीब र ३० प्रतिशत महिलाहरूलाई उक्त अवसर प्रदान गर्ने लक्ष्य लिएका थिए । पूर्वी पहाडी क्षेत्रमा महिलाको निर्णय प्रक्रियामा प्रतिनिनित्व ३५ प्रतिशतभन्दा माथि पाइएको छ । त्यस्तै विभिन्न जातजातीको पनि निर्णय प्रक्रियामा समान सहभागिता रहेको तथ्य फिल्डबाट संकलित तथ्याङ्कबाट पुष्टि हुन्छ ।

विगत ८ वर्ष अगाडिको तथ्याङ्कहरूलाई नियाल्दा सा.व.उ.स.हरूले अनुत्पादक क्षेत्रहरू जस्तै मन्दिर, धर्म र संस्कृति सम्बन्धी पाठ पूजा आदिमा बढी लगानी गरेको पाइन्थ्यो भने एल.एफ.पी. ले आफ्ना सरोकारवालाहरू मार्फत् गरेको सहजीकरण र सामाजिक सहयोगबाट उनीहरूको लगानीका क्षेत्रहरूको प्राथमिकता हाल आएर उत्पादक क्षेत्रहरू विशेष गरी जीविकोपार्जन र सिमान्तकृत समुदायको विकासमा केन्द्रित रहेको छ । सा.व.उ.स.हरूको लगानी लक्षित कार्यक्रमहरूमा केन्द्रित गर्न एल.एफ.पी.ले ८ वर्ष अघि देखि कार्यान्वयन गर्दै आइरहेको लक्षित कार्यक्रम घुम्तिकोष अनुदानबाट गरीबहरूको आर्थिक हैसियतमा सुधार आउनुका साथै सा.व.उ.स.हरूको पनि यस क्षेत्रमा लगानी गर्ने सोंच विकास हुन थालेकाले डालीकोषको रकममा समेत बृद्धि भएको छ । भर्खरै सन् २००८ मा गरिएको अनुगमनबाट १३,००० भन्दा बढि गरीबहरू यस कार्यक्रमको प्रत्यक्ष आर्थिक सहयोगबाट र १०,००० भन्दा बढि अरु गरीबहरू ५ वर्ष पछि उठेको रकम (व्याज र सावा) बाट लाभान्वित भइसकेका छन् । सम्पन्नता स्तरीकरणबाट गरीब र लक्षितमा परेका कूल उपभोक्ताहरूमध्ये

२० प्रतिशत उपभोक्ताहरू सा.व.को सदस्य भएका कारण आयआर्जन कार्यक्रमबाट लाभान्वित भई उनीहरूको आर्थिक हैसियतमा सुधार आएको पछिल्लो वार्षिक नियमित अनुगमनले देखाएको छ (तालिका ३) ।

**तालिका ३: आय आर्जन कार्यक्रम र घुम्तीकोषबाट लाभान्वित घरधूरीहरू**

| | |
|---|---|
| **यस कार्यक्रमको प्रत्यक्ष आर्थिक सहयोगबाट लाभान्वित घरधूरी** | **१३२४१** |
| पहिलो चरणमा आबद्ध घरधूरीहरूले फिर्ता गरेको रकमबाट ५ वर्ष अवधिमा थप लाभान्वित भएका घरधूरी | १०२४२ |
| आयमूलक कार्यक्रमबाट यस क्षेत्रमा लाभान्वित कूल घरधूरी | २३४८३ |
| सम्पन्नता स्तरीकरणबाट गरीबमा परेका कूल घरधूरी | ४९६०५ |
| यस क्षेत्रमा कूल गरीबहरू मध्ये आयआर्जनबाट लाभान्वित भई आर्थिक हैसियतमा सकारात्मक सुधार ल्याएका घरधूरी | २० % |

यस क्षेत्रमा घुम्तीकोषको अलावा करीब ६०० (कूल सम्भावित समुहको ४३ प्रतिशत) समुहहरूले गरीब उपभोक्ताहरूको जीविकोपार्जनमा दिगो रूपमा सुधार ल्याउने उद्देश्यले सा.व.को खाली जग्गामध्ये ३३६ हेक्टर निश्चित अवधि सम्मलाई २,२०० भन्दा बढी गरीबहरूलाई आयमूलक खेतीका लागि प्रदान गरेका छन् । यस कार्यक्रमबाट गरिएका वार्षिक अनुगमन तथा स्थलगत अध्ययनबाट सा.व.उ.स.ले अघि सारेको यो कार्यक्रम गरीबहरूको हैसियतमा दिगो सुधार ल्याउन निकै प्रभावशाली र सफल देखिएको छ ।

सन् २००८ मा यस कार्यक्रमबाट गरिएको एक प्रभाव अध्ययनका लागि करीब २६ समुहबाट २,७०० उपभोक्ताहरू सम्पन्नता स्तरीकरणका आधारमा छनौट गरिएको थियो । साथै अध्ययनको क्रममा घरधुरी सर्वेक्षण, लक्षित समुह छलफल, स्थानीय जानकार व्यक्तिसँग छलफल र केही सामाजिक विश्लेषणका सामग्रीको प्रयोगबाट करीब ५ वर्ष अवधिमा सा.व.को सदस्य भएका कारण गरीब उपभोक्ताहरूमा आएको परिवर्तनलाई लेखाजोखा गरिएको थियो । सो अध्ययनबाट ४६ प्रतिशत गरीब उपभोक्ताहरू तुलानात्मक गरीबी रेखाभन्दा माथि रहेका र ३५ प्रतिशत उपभोक्ताहरू अति गरीबबाट एक तह माथि गरीब वर्गमा रहेको पाइएको छ ।

## *सामुदायिक वनबाट रोजगारी सिर्जना*

दिगो जीविकोपार्जनका आधारहरूमध्ये रोजगारीको अवसरलाई पनि एउटा प्राथमिकताको क्षेत्रमा लिनु पर्ने हुन्छ । स्थानीयस्तरमा विकास निर्माण तथा अन्य क्षेत्रमा आंशिक रूपमा संलग्न रहेका गरीबहरूले पाइरहेको पारिश्रमिक कति न्यायोचित छ भन्ने एउटा प्रश्न हुँदाहुँदै पनि सा.व.उ.स.ले रोजगारीको अवसर दिइरहेको अवस्थालाई कम आँक्न भने मिल्दैन । सरकारको पर्याप्त सहयोग बिना नै सा.व.उ.स.ले यस क्षेत्रमा उदाहरणीय कार्यहरू गरेर देखाउनु उत्साहजनका पक्ष हो । गत वर्षको समुहहरूको अनुगमन अनुरूप यस क्षेत्रमा सा.व.उ.स.हरूले वार्षिक रूपमा झण्डै १,५०,००० दिन रोजगारीको अवसरहरू सिर्जना गरेको पाइन्छ जसमा ८६ प्रतिशत भन्दा बढी गरीब उपभोक्ताहरू लाभान्वित भइरहेका छन् । सरकारले शिक्षाको क्षेत्रलाई प्रमुख प्राथमिकताको क्षेत्रमा राखेको अवस्थामा सा.व.उ.स.ले शिक्षकलाई तलब लगायत निम्न विविध विकास क्रियाकलापहरूमा गरेको लगानीले सा.व.उ.स.हरूले सिर्जना गरेको रोजगारीको उदाहरण प्रस्तुत गर्दछ (तालिका ४) ।

**तालिका ४: सामुदायिक वन उपभोक्ता समूहमा वार्षिक रोगारीको अवसर (२४ दिन = १ महिना)**

| रोजगारीका क्षेत्र | सा.व.उ.स. | | रोजगार | | | दिन/सा.व.उ.स. | व्यक्ति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | महिला | पुरुष | जम्मा | | १ महिना | ३ महिना | ६ महिना | ९ महिना |
| वन व्यवस्थापन | ५१० | ४०% | १९,२९४ | ४४,५९४ | ६३,८८८ | १२५.१९ | २,६६२ | ८८७ | ४४४ | २९६ |
| सामुदायिक विकास | ३४० | २७% | ३,३५० | ६,०६१ | ९,४११ | २७.६६ | ३९२ | १३१ | ६५ | ४४ |
| कार्यालय सचिव | १६१ | १३% | ४,७०० | ४,४५२ | ९,१५३ | ५६.९७ | ३८१ | १२७ | ६४ | ४२ |
| शिक्षक | १७२ | १४% | ११,६२४ | २७,५१३ | ३९,१३७ | २२६.९२ | १,६३१ | ५४४ | २७२ | १८१ |
| अन्य रोजगारी (उद्यम) | ९५ | ७% | ५,७७५ | १०,१६१ | १५,९३७ | १६८.६४ | ६६४ | २२१ | १११ | ७४ |
| कूल | २५६ | २०% | ४४,७४४ | ९२,७८२ | १,३७,५२६ | ५३७.९९ | ५,७३० | १,९१० | ९५५ | ६३७ |

## *सा.व.उ.स. र सहकार्यका अवसरहरू*

सा.व.उ.स.मा वार्षिक रूपमा गरिने समावेशी तथा सहभागितामुलक ढंगको योजना तर्जुमा प्रक्रिया उदाहरणको रूपमा संस्थागत तथा स्थापित भएको छ । सा.व.उ.स.हरूले विभिन्न विकासका क्षेत्रमा लगानी गरिरहेका र नेतृत्व प्रदान गरिरहेका छन् । यस्तो अवस्थामा गरीबी न्यूनीकरणको क्षेत्रमा सा.व.उ.स.लाई एक महत्वपूर्ण र दिगो संस्थागत स्रोतको रूपमा अगींकार गर्नु न्यायोचित र व्यवहारिक हुन्छ । कोशी पहाडी क्षेत्रमा आ.व. २०६३/०६४ सम्म गठन भएका कुल १,३४० सा.व.उ.स. मध्ये करीब १,१०० उपभोक्ता समुहहरूका आ.व. २०६५/०६६ को प्रस्तावित योजनालाई विश्लेषण गर्दा पनि सा.व.ले समग्र विकास तथा गरीबी न्यूनीकरणको क्षेत्रमा पुऱ्याई रहेको योगदानलाई राज्यले महत्व दिनुपर्छ भन्ने पुष्टि गर्दछ । यी १,१०० सा.व.उ.स.हरूले आ.व. २०६५/०६६ मा वन स्रोत लगायत अन्य क्षेत्रबाट रु.२ करोड २७ लाख आम्दानी हुने अनुमान गरेका छन् भने ३ करोड ७० लाख ६० हजार २९१ खर्च प्रस्तावित गरेका छन् जसमध्ये समुहको आफ्नै कोषबाट रु.१ करोड ६७ लाख १८ हजार २ सय ९१ (कुल प्रस्तावित रकमको ४५ प्रतिशत) तथा अन्य संघसंस्था तथा दातृ निकायबाट रु.२ करोड ३ लाख ४२ हजार रकम प्राप्त गर्ने लक्ष्य राखेका छन् । सा.व.सँग सम्बन्धित जिल्ला वन कार्यालय, वन क्षेत्रमा कार्यरत गैरसकारी संस्था, समुहहरूको प्रतिनिधित्व गर्ने महासंघहरू आदिको आर्थिक, मानवीय र प्राविधिक सिमितताका कारण समुहहरूले यी निकायहरूबाट मात्र प्रस्तावित गरिएका आर्थिक तथा प्राविधिक सहयोग शतप्रतिशत प्राप्त गर्न गाह्रो पर्छ । त्यसैले अरु सरकारी तथा गैरसरकारी निकायहरू जसले समूहमा सेवा र भौतिक पूर्वाधार निर्माण र मानवीय स्रोत विकासमा लगानीको कार्यक्रम राखेका हुन्छन् उनीहरूसँगको समन्वयमा समूहहरूले निर्माण गरेका योजना कार्यान्वयन गर्न स्रोत र साधन जुटाउन सक्छन् । समूहरूले यस तर्फ अघि बढाएको समन्वय मार्फत् कार्यान्वयन गर्न गरिएको पहललाई उदाहरणीय रूपमा लिन सकिन्छ ।

स्थानीय तहमा सहकार्य र साझेदारी कार्यक्रमलाई अझ फराकिलो बनाउन एल.एफ.पी.बाट गा.वि.स.स्तरमा वन विकास कोषको स्थापनाका लागि विगत २ वर्ष देखि प्रयास गरिँदै आइएको छ । फलस्वरूप ९० प्रतिशत भन्दा धेरै गा.वि.स.हरूमा वन विकास डालीकोषको स्थापना भई स्थानीय सहजकर्ताहरू परिचालन भइसकेका छन् (बाकस २) । यसबाट देखिएका सकारात्मक पक्ष र उपलब्धीलाई विश्लेषण गर्दा वन विकास कोष सहकार्य र साझेदारीका लागि कोशे ढुंगा साबित भएको छ । बाह्य आर्थिक सहयोग भन्दा पनि आन्तरिक स्रोत मजबुत बनाई स्थानीयस्तरमा समूहभित्र भइरहेका राम्रा र सफल अभ्यासहरू सञ्चालन गर्न यो कोषले उल्लेखनीय भूमिका खेल्नुका साथै अरु संघसंस्थाहरूलाई सहकार्य र साझेदारीका लागि फराकिलो वातावरणको सिर्जना समेत गरेको छ ।

**बाकस २ : वन विकास कोष प्राप्त गर्नका लागि आधारभूत आधारहरू**

- सबै समूहहरू गा.वि.स. सञ्जालमा आबद्ध भएको हुनुपर्ने ।
- निर्णय प्रक्रियामा समावेशी प्रतिनिधित्व हुनुपर्ने ।
- सञ्जालमा आबद्ध सबै समूहहरू वार्षिक आम्दानीको कम्तीमा ५ प्रतिशत रकम सञ्जालको कोषमा जम्मा गर्न प्रतिबद्ध हुनुपर्ने ।
- सञ्जालले गा.वि.स.बाट पनि आर्थिक सहयोग प्राप्त गरेको हुनुपर्ने ।
- सञ्जालको आफ्नो कोष परिचालन निर्देशिका हुनु पर्ने ।

कोषमा भएको रकम कार्ययोजना संशोधन, लक्षित कार्यक्रम, संस्थागत विकास र स्थानीय सहजकर्ता परिचालनमा लगानी गर्न सञ्जालले जोड दिनेछ ।

## सामुदायिक वन र समग्र सामाजिक विकासः एक विवेचना

धेरै अध्ययनहरूले सरकारद्वारा संरक्षित वन स्थानीय समुदायलाई व्यवस्थापन र सदुपयोगका लागि जिम्मा लगाए पछि सा.व.को संरक्षणको लक्ष्य प्राप्ती हुन सकेको देखाएका छन् (Kanel 2004, Malla 2000)। सो उपलब्धी स्थानीय समुदायको अथक प्रयासबाट संभव भएको प्रष्ट रूपमा प्रमाणित भएको छ । यसका अलावा पूर्वी पहाडि जिल्लाको अनुभवले सा.व.ले जीविकोपार्जन, सामाजिक विकास र सुशासनको क्षेत्रमा समेत उल्लेखनीय उपलब्धीहरू हाँसिल गरेको देखाएको छ । सा.व. र समग्र सामाजिक विकाससँग सम्बन्धित केही सवालहरू माथीको छलफलका तीन बुँदामा केन्द्रित रही गरिएको छ ।

### *सा.व.उ.स. र अन्य निकाय बीचको सहकार्य*

Chapagain 2008 ले स्थलगत पहिचान बिना गरिएका कार्यक्रमहरूको कार्यान्वयन स्थानीय ग्रामीण समुदाय तथा लक्षित वर्गहरूको माग र आवश्यकतासँग एक तिहाईमात्र मेल खाएको देखाएका छन् । कुनै निकायले ग्रामीण समुदायको हितमा वा लक्षित कार्यक्रमको प्रभावकारितामा आफ्नो योगदानको दावी त्यतिबेला गर्न सक्छन् जब कार्यक्रम कार्यान्वयन अघि उनीहरूले सहभागितामूलक सामाजिक विधिको प्रयोगबाट समुदायको वर्तमान स्थिति र चाहनाको वास्तविक चित्रण गर्छन् । त्यसैले उपयुक्त विधिको प्रयोगबाट समस्या, त्यसभित्र भूमिका खेलिरहेका विभिन्न तहका सरोकारवालाहरू, त्यसको नतिजामा आधारित भई बनाइने सहयोग रणनीति आजको थप आवश्यकता हो । त्यसै गरि स्थानीयस्तरमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भइरहेका सरोकारवालाहरूको पहिचान र प्राप्त हुने फाइदा र दोषका विषयमा अध्ययन गरी बनाइएका सहयोग रणनीति, सहकार्य र साझेदारीका कार्यक्रमहरूले ऊर्जा थप्ने कुरामा दुईमत देखिदैन । यस लेखका लेखकहरूको वर्षौंको अनुभवबाट समेत सा.व.उ.स सहकार्य र साझेदारी प्रयत्नबाट उल्लेखनीय उपलब्धी प्राप्त गर्नसक्ने क्षमता राख्दछन् भन्ने पाइएको छ ।

## *सा.व.उ.स. र विद्यमान सरकारी वन कार्यालय – सम्मति र अन्तरविरोध*

सा.व. कार्यक्रमले वनस्रोतको सम्बर्द्धन तथा सामुदायिक विकासमा योगदान पुऱ्याएको भए तापनि सरकार तथा नीतिगत तहले अझै पनि यसको सफलताबाट शिक्षा लिई अन्य निकायले समेत सा.व.उ.स. मार्फत् आफ्ना कार्यक्रम सञ्चालन गर्न सक्ने कुनै ठोस वातावरण बनाउन सकेको छैन। सा.व.उ.स.हरूले वन, वातावरण, जीविकोपार्जन र सामुदायिक विकासको बहुआयामिक पाटोमा सेवा र सहयोगको आशा बाह्य संघ संस्थाहरूबाट गरिरहेका बेला सरकारी वन कार्यलयबाट मात्र त्यो उपलब्ध हुन सम्भव देखिंदैन। एउटै मन्त्रालय अन्तर्गत रहेका वन र भू–संरक्षण कार्यालयहरू बीचको समन्वय हुन नसकिरहेको वर्तमान अवस्थामा धेरै सरकारी निकायहरू बीचको समन्वय र सहकार्य अझै पेचिलो हुन्छ जसको कारण सा.व.उ.स. र सरकारी निकाय बीचमा तारतम्य मिल्न गाह्रो हुने देखिन्छ। समय समयमा नीतिगत तहमा सहकार्य र समन्वयको चर्चा हुने गरे पनि विद्यमान अवस्थालाई हेर्दा यसको ठोस सयन्त्र बन्न नसकेको र स्थानीय तहमा यसको सकारात्मक प्रभाव पर्न सकेको छैन।

सरकारी निकायहरू बढी उत्तरदायी हुनुपर्ने क्षेत्रहहरूमा पनि समन्वय र प्रभावकारी सहकार्यको अभावमा सा.व.उ.स.हरूको पहलबाट धेरै विकास निर्माणका कामहरू हुँदै आइरहेका छन्। सा.व.उ.स.हरू आफ्नो सञ्जालको विकास र उपयोगबाट अन्य निकायहरूसँगको समन्वय तथा सहकार्यमा र समुहहरूको आफ्नै स्रोत जुटाई उल्लेखनीय तवरले स्वास्थ्य, शिक्षा, स्थानीय भौतिक विकास, क्षमता अभिबृद्धि लगायत गरीबमुखी कार्यक्रमहरू समेत सञ्चालन गर्दै आइरहेका छन्। सा.व.बाट स्थानीय जनताले वन विकासका अलावा अन्य समग्र विकासको अपेक्षा लिन थालेको पाइन्छ। स्थानीय तहमा सा.व.ले गरेको बहुआयामिक विकासलाई मुल्याङ्कन गर्दै सरकारी निकायहरू आफ्नो स्पष्ट नीति तथा संयन्त्रसहित अगाडि आउनु पर्ने देखिन्छ। यसका लागि सा.व.उ.स.लाई वन विकास बाहेक समग्र विकासको छाताको रूपमा राख्ने स्पष्ट नीति सरकारी संयन्त्रमा हुनु आवश्यक छ। सा.व.को योगदानलाई यथेष्ट मुल्याङ्कन गर्दै वन विकासका अलावा स्थानीय विकासलाई थप प्रभावकारी तवरले कार्यान्वयन गर्न समुहहरूले वार्षिक रूपमा तयार पारेका कार्यक्रमहरूलाई गा.वि.स.को वार्षिक कार्यक्रममा समावेश गर्नकालागि थप नीति, कार्यक्रम र संयन्त्रको खाँचो टड्कारो रूपमा देखिएको छ।

## *सा.व.उ.स.र समतामूलक विकास*

सा.व.उ.स.ले समावेशी तथा समतामूलक योजना र नीति निर्माण प्रक्रियालाई आत्मसात् गरेको अवस्थामा यसलाई स्थानीय विकासको प्रभावकारी वाहनको रूपमा लिन सकिन्छ। यद्यपि, बाह्य निकायहरूको योजना तर्जुमा र कार्यान्ययन पद्दतीमा स्थानीय समुदाय र लक्षित वर्गको माग र चाहनाहरू यथेष्ट रूपमा अझै पनि प्रतिबिम्वित नहुनुले स्थानीय समुदायको अपनत्व कम भई कार्यक्रमहरू सफल हुन नसकेका उदाहरणहरू धेरै छन्। त्यसैगरी समुदायका सदस्यहरू र सेवा प्रदायकहरू बीचको असन्तुलित शक्ति सम्बन्धले विद्यमान सकरात्मक नीति तथा कार्यक्रमहरूसमेतलाई निरुत्साहित गर्न सक्छ। यस्तो अवस्थाको सुधारका लागि विकासे सघंसस्थाहरूले स्थानीय समुदायका आवश्यकता र चाहनालाई कार्यक्रमहरू मार्फत् सम्बोधन गर्नु आवश्यक छ। यदि सा.व.उ.स.हरूको लगानी लक्षित कार्यक्रम र समता तिर उन्मुख छैन भने स्थानीय सामुदायिक विकासका प्रयासहरू गरीब र सीमान्तकृत वर्गको पक्षमा नभई मध्यम र उच्च वर्गको पक्षपोषण गर्ने मात्र हुन सक्दछन्। उदाहरणका लागि सा.व.उ.स.बाट कार्यान्वयन भइरहेका विद्यालय, गोरेटो बाटा, सिंचाई, सामुदायिक भवन, मन्दिर, सुधारिएको चूल्हो आदि कार्यक्रमहरू धनी वर्गको हितमा देखिएको छ (Acharya *et al.* 2008)।

> *"सामुदायिक वनको प्रमुख लक्ष्यहरू मध्ये महिला, गरीब र सीमान्तकृत समुदायको सुशासन, व्यवस्थापन र स्रोतको सदुपयोगमा उनीहरूको पहुँच बढाउने र समावेशी बनाई आम्दानीको अवसर प्रदान गर्नु हो । यद्यपि प्रायजसो समुदायका टाठाबाठाहरूले धेरैजसो निर्णयहरू आफ्नो पक्षमा पार्ने र फाइदामा उनीहरूको पहुँच बढाएको पाइन्छ । समूहहरू स्रोतमा धनी देखिएका छन् तर विशेषगरी गरीब, महिला र सुविधाविहीन घरधुरीहरू फाइदाको बाँडफाँडबाट बन्चित रहेका छन्* (Douglas Greig)*"* ।

स्रोत व्यवस्थापनको निर्णय प्रक्रियामा महिलाहरूको बंचितीकरणले लैङ्गिक विभेदको सवाललाई मात्र नभई प्रभावकारी दिगो विकास प्रक्रिया र महिलाहरूको सशक्तिकरणलाई समेत नकारात्मक प्रभाव पारेको छ । त्यसकारण बाह्य निकायहरूले त्यस्ता चेतना अभिबृद्धि र समतामूलक प्रक्रियाहरू संस्थागत गर्न आवश्यक छ जसले गरीब, महिला र सीमान्तकृत समुदायहरूको आवाजलाई विकासको मूलधारमा ल्याउन मद्दत गर्दछ । यद्यपि कोशी पहाडी क्षेत्रको तथ्याङ्कलाई हेर्ने हो भने जातजातिका हिसाबले निर्णय तहमा समानुपातिक प्रतिनिधित्व तिर उन्मुख रहेको छ । त्यसैगरी महिला तथा गरीबको प्रतिनिधित्व पनि सकारात्मक हिसाबले बढेको पाइन्छ । यस क्षेत्रमा विभिन्न उपसमूहहरू जस्तै गरीब उपसमूह, महिला उपसमूह, दलित उपसमूहहरूको गठन तथा सुदृढीकरणले उनीहरूबीचको सामञ्जस्यता बढ्नुका साथै र उनीहरूको आवाज योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा बढ्न गई सकारात्मक प्रभाव परेको छ । यस क्षेत्रमा विभिन्न उपसमूह तथा चाहना उपसमूहहरूमा २५,००० भन्दा बढी उपभोक्ताहरू समावेश भइसकेका छन् ।

जल्दाबल्दा सवालहरू मध्ये सा.व.उ.स.मा सामाजिक समावेशीकरण र न्यायोचितताका विषयवस्तुहरू विद्यमान रहेको अवस्था छ । यस क्षेत्रको तथ्याङ्कलाई विश्लेषण गर्दा न्यायोचित फाइदा वितरण प्रक्रियामा विगत २ वर्षको भन्दा हाल दोब्बर समुहहरूले अभ्यास गर्ने गरेको पाइएता पनि अरु विकासक्रमहरू जस्तै सामुदायिक विकास कार्यक्रमहरूमा कूल समुहहरू मध्ये २६ प्रतिशत समुहहरूले मात्र न्यायोचितताको अभ्यास गर्नु त्यति उत्साहजनक अवस्था छैन । त्यसकारण विकासे निकायहरूले आफ्नो कार्यक्रमहरूमा सामाजिक समावेशीकरण, गरीबी न्यूनीकरण र न्यायोचितताका सवालहरूलाई अझ जोड दिनु पर्ने देखिन्छ ।

सहकार्य र साझेदारीका विषयवस्तुलाई प्रभावकारी विकासको लागि महत्वपूर्ण मानिए तापनि यसलाई अझ प्रभावकारी बनाउन निम्न बमोजिमका चारवटा सम्भावनाको आधारमा आफ्ना कार्यक्रम तथा कार्यान्वयन संयन्त्रलाई विश्लेषण गर्नुपर्ने हुन्छ । जस्तैः (क) बढि पहल गर्नुपर्ने र उपलब्धीहरू पनि बढी हुने, (ख) बढी पहल गर्नुपर्ने तर कम उपलब्धी हाँसिल हुने, (ग) कम पहल गर्नुपर्ने तर उपलब्धी धेरै हुने, र (घ) कम पहल गर्नुपर्ने र उपलब्धी पनि कमै हुने । यद्यपि कुनै पनि सहकार्य तथा साझेदारी कार्यक्रमहरू सा.व.उ.स.लाई प्रवेश बिन्दुको रूपमा लिई कार्यक्रम कार्यान्वयन गर्दा उचित तथा थोरै प्रयासबाट पनि बढी उपलब्धी हाँसिल गर्ने कुरामा शंका छैन ।

कोशी पहाडी जिल्लाहरूमा विकास कार्यक्रममा कार्यरत निकायहरूको सहजीकरण एंव आर्थिक तथा प्रविधिक सहयोगबाट समूहको योजना गा.वि.स.मा समायोजनका लागि पहल गरिए पनि वन मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयको योजना तर्जुमाको कार्यक्रम फरक किसिमले हुने भएकाले यथेष्ठ उपलब्धीहरू हाँसिल गर्न सकिएको छैन । अधिकांश पहाडी ग्रामीण समुदायका जनसंख्या सा.व.मा आवद्ध भइसकेको अवस्थामा सा.व.उ.स.ले अभ्यास गरिरहेका समावेशी योजना तर्जुमा प्रक्रियाले समग्र समुदायको आकांक्षा, माग र आवाजलाई समेट्ने आधार देखिएको छ । यस्तो अवस्थामा स्थानीय सरकारी निकायले सा.व.उ.स. र अन्य निकायहरूको समन्वयको क्षेत्रलाई सुदृढ

गरेमा सा.व.बाट समग्र विकास लगायत गरीबी न्यूनीकरणका सवालहरूमा विद्यमान उपलब्धीहरू भन्दा थप र अझ प्रभावकारी नतिजा प्राप्त गर्न सकिन्छ ।

## निष्कर्ष

सा.व.को योगदानलाई राष्ट्रिय रूपमा एंव सरकारी वन निकाय भन्दा बाहिरका निकायहरूले प्रर्याप्त मुल्याङ्कन गर्न नसके पनि ग्रामीण समुदायमा सा.व.उ.स.हरूबाट प्राप्त समग्र विकासका उपलब्धीहरूले तिनीहरूलाई विकासको दिगो साधनका रूपमा प्रमाणित गरिसकेको छ । कोशी पहाडी क्षेत्रको अनुभवले अन्य निकायहरूका लागि सा.व. सहकार्य तथा साझेदारीका लागि प्रभावकारी र फराकिलो संयन्त्रको रूपमा लिन सकिने कुराको पुष्टि गरेको छ । सा.व.उ.स. स्थानीय तहमा जीविकोपार्जनका अवसरहरू सिंर्जना तथा सीमान्तकृत समुदायहरूको विकासका लागि ठूलो संभावना बोकेको स्वतन्त्र निकायको रूपमा स्थापित भएको छ भने अन्य विकासे संस्थाहरूका लागि प्रवेश बिन्दुका रूपमा सशक्त र प्रभावकारी संस्थाको रूपमा पनि स्थापित भएको छ । सा.व. कार्यक्रम ३० वर्षको अनुभवका आधारमा समग्र विकासक्रमको अवधारणाका साथै सुशासन, सामाजिक समावेशीकरण, संस्थागत विकास, स्थानीय विकास, न्यायोचितता, जीविकोपार्जनका अवसरहरू र दीगो स्रोत व्यवस्थापनका सिकाइहरूका लागि एक स्थानीय विश्वविद्यालयको रूपमा अगाडि आएको छ । यसले सा.व.उ.स.लाई स्थानीय विकासका लागि प्रवेश बिन्दुको आधार बनाई विकास कार्यक्रमहरूको सहकार्य र साझेदारीका लागि सरकारी संयन्त्र तथा कार्यक्रमहरूमा स्पष्ट नीति बनाउनु पर्ने कुरालाई इंगित गर्दछ ।

## सन्दर्भ सामग्री

**Acharya, K.P., Adhikari, J. & Khanal, D.** 2008. Forest Tenure Regimes and their Impact on Livelihoods in Nepal. *Journal of Forest and Livelihoods,* **7**(1).

**Banjade, M.R. & Timsina, N.P.** 2005. Impact of Armed Conflict in Community Forestry of Nepal. *ETFRN News,* **43/44**.

**Branney, Peter & Yadav, K.P.** 1998. Changes in Community Forestry Condition and Management 1994-98: Analysis of Information for the Forest Resource Assessment Study and Socio-Economic Study of the Koshi Hills. *Project report G/NUKCFP/32,* Kathmandu: NUKCFP.

**Chapagain, B.** 2007. Participatory Well Being Ranking: Effective in Pro-poor Targeting and Monitoring the Impact. LFP.

**Kanel, K.R. & Niraula, D.R.** 2004. Can Rural Livelihood be Improved in Nepal thorough Community Forestry? *Banko Janakari,* **14**(1): 19-24.

**Kanel, K.R.** 2004. Twenty Five Years of Community Forestry: Contribution to Millenium Development Goals. *Fourth National Workshop on Community Forestry. Proceeding of the Fourth Workshop on Community Forestry,* Dec. 2004, Kathmandu, Nepal: Community Forestry Division, DOF.

**Pokharel, B.** 2005. Community Forest User Groups: Institutions to Protect Democracy and Vehicles for Local Development. *Journal of Forest and Livelihood,* **4**(2).